# लेखक/सम्पादक परिचय

आम-सञ्चार तथा पत्रकारितामा स्नातक **अंकलाल चलाउने** त्रिविमा समाजशास्त्रमा स्नातकोत्तरका विद्यार्थी हुन् । उनी मार्टिन चौतारीमा आबद्ध छन् ।

**अर्जुन पन्थी** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादनमा *नेपाली म्यागेजिनका २५ वर्ष* (२०७०) र सह-लेखनमा *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखा* (२०६७) प्रकाशित छन् ।

आमसञ्चार तथा पत्रकारितामा स्नातकोत्तर **जनकराज सापकोटा** *नेपाल* साप्ताहिकमा आबद्ध छन् । सापकोटाको *मधेशमा पत्रकार र मानवअधिकारकर्मीको भूमिका र अवस्था* (२०६८), *रेमिट्यान्सले बदलेको मधेश* (२०६९), *मध्य मधेशमा हतियारको त्रास* (२०६८) अनुसन्धानात्मक पुस्तक प्रकाशित छन् । *जीवन कतिपय* (२०७१) उनको पछिल्लो निबन्धसंग्रह हो ।

मार्टिन चौतारीका अनुसन्धानकर्ता **देवराज हुमागाईं**को सह-लेखन र सह-सम्पादनमा मिडियासम्बन्धी दशओटा पुस्तक प्रकाशित छन् ।

**देवेन्द्र उप्रेती** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । *द स्टेट्स अफ सोसियोलोजी एण्ड एन्थ्रोपोलोजी : टिचिङ एण्ड रिसर्च इन नेपाल* (सन् २०१४) का सह-लेखक उप्रेतीका लेख विभिन्न पत्रपत्रिका तथा जर्नलमा प्रकाशित छन् ।

**प्रत्यूष वन्त** मार्टिन चौतारीका अनुसन्धानकर्ता हुन् । *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का सम्पादक वन्तको लेखन, सम्पादन र सह-सम्पादनमा नेपाली मिडिया तथा अन्य विधासँग सम्बन्धित डेढ दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन् ।

इतिहासका अध्येता **योगेश राज** मार्टिन चौतारीका शोध निर्देशक हुन् । उनका पछिल्ला पुस्तक *क्रमभङ्ग र सम्भार : नेपाली इतिहासलेखनमा हस्तक्षेपका नयाँ सन्दर्भ-बिन्दु* (मार्टिन चौतारी, २०६९), *दि जर्न्अल्स अफ क्याप्टिन् किन्लअक्*

(जगदम्बा, सन् २०१२) र *हिस्ट्री आयज् माइण्डस्केप्स् : अ मेमोरी अफ दि पिजेन्ट्स् मुभमेन्ट अफ नेपाल* (मार्टिन चौतारी, सन् २०१०) हुन् ।

**लोकरञ्जन पराजुली** मार्टिन चौतारीसँग सम्बद्ध ऐतिहासिक समाजशास्त्री हुन् । उनले पुस्तकालय, नागरिक समाज, राजनीतिक दल, मिडिया र शिक्षाका क्षेत्रमा विभिन्न अध्ययन गरेका छन् । *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*का सम्पादक पराजुलीको सह-सम्पादनमा प्रकाशित पछिल्लो पुस्तक एल.एस. बराललिखित *अटोक्रेटिक मोनार्की : पोलिटिक्स इन पञ्चायत नेपाल* (सन् २०१२) हो ।

**शिव रिजाल** त्रिभुवन विश्वविद्यालय केन्द्रीय अंग्रेजी विभागमा अध्यापन गर्छन् । रिजालका नेपाली रंगमञ्चसम्बन्धी किताब, जर्नल लेख र निबन्धहरू प्रकाशित छन् ।

**शेखर पराजुली** मार्टिन चौतारीका सदस्य हुन् । उनको लेखन, सह-लेखन, सम्पादन तथा सह-सम्पादनमा नेपाली मिडियाबारे नौओटा पुस्तक प्रकाशित छन् ।

**सीके लाल** राजनीतिक विश्लेषक हुन् । उनी *नागरिक* दैनिकमा नियमित स्तम्भ लेख्छन् । उनको पछिल्लो पुस्तक *नेपालीय हुनलाई . . .* (२०६७) हो ।

**सेरा तामाङ** मार्टिन चौतारीसँग आबद्ध राजनीतिशास्त्री हुन् । नेपाली समाजमा पितृसत्ता, सामाजिक लिङ्ग, यौनिकता, नागरिकता र विदेशी सहयोगबारे विभिन्न लेख प्रकाशित छन् । उनी *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी*को सम्पादक पनि हुन् ।

**हर्षमान महर्जन** मार्टिन चौतारीमा आबद्ध अनुसन्धानकर्ता हुन् । उनको सह-सम्पादन तथा सह-लेखनमा छओटा पुस्तक प्रकाशित छन् ।

**होमनाथ दाहाल** *राष्ट्रपुकार* साप्ताहिकका संस्थापक सम्पादक/प्रकाशक हुन् । वि.सं. २०४९ मा उनी नेपाल पत्रकार महासंघको सभापतिमा निर्वाचित भएका थिए । पूर्व कृषि तथा सहकारी मन्त्री दाहाल नेपाली काँग्रेसका नेता हुन् । विविध विषयमा उनका विचार र विश्लेषण *अन्नपूर्ण पोष्ट* दैनिकमा नियमित प्रकाशित हुन्छन् ।